प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

प्रदेश नं. २

जनकपुरधाम,धनुषा, नेपाल

# स्वयमसेवक सेवाका लागि आवेदन माग गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७६।९।१

प्रदेश नं. २ अन्तर्गतका विभिन्न जिल्लाहरुमा रहेर सेवा प्रवाहलाई थप व्यवस्थित गर्न २०७७ अषाढ मसान्त सम्मका लागि स्वयंसेवक परिचालन गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेको स्वयंसेवक सेवा गर्न इच्छुक नेपाली नागरिकवाट मिति २०७६।९।१५ गते सम्म कार्यालय समय भित्र देहायका विषयक्षेत्रका पदकालागि आवेदन माग गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

| क्र.सं. | विषय क्षेत्र | पद | पद संख्या | सूचना नं. | न्यूनतम येग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जनस्वास्थ्य | हेल्थ असिस्टेन्ट | ९ | १/२०७६/०७७ | मान्यता प्राप्त शैक्षिक संस्थावाट चिकित्सा विज्ञान विषयमा प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको । | |
| २ | जनस्वास्थ्य | अ.हे.ब. | ९ | २/२०७६/०७७ | मान्यता प्राप्त शैक्षिक संस्थावाट सि.एम.ए. वा स्वास्थ्य विषयमा TSLC वा सो सरह उतिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको । | |
| ३ | जनस्वास्थ्य | ल्याव असिस्टेन्ट | ५ | ३/२०७६/०७७ | मान्यता प्राप्त शैक्षिक संस्थावाट ल्याब असिस्टेन्ट वा सो सरह उतिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको । | |
| ४ | जनस्वास्थ्य | स्टाफ नर्स | ७ | ४/२०७६/०७७ | मान्यता प्राप्त शैक्षिक संस्थावाट नर्सिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरी नेपाल नर्सिङ परिषदमा दर्ता भएको । | |
| ५ | जनस्वास्थ्य | अ.न.मि. | ६ | ५/२०७६/०७७ | मान्यता प्राप्त शैक्षिक संस्थावाट अनमि कोर्स वा नर्सिङ विषयमा TSLC वा सो सरह उतिर्ण गरी नेपाल नर्सिङ परिषदमा दर्ता भएको । | |
| ६ | सामुदायिक शिक्षा | प्राथमिक शिक्षक | ९ | ६/२०७६/०७७ | मान्यता प्राप्त शिक्षण संस्थावाट प्रविणता प्रमाण पत्र तह वा कक्षा १२ वा सो सरह उतिर्ण गरी प्राथमिक तहको स्थायी शिक्षण अध्यापन अनुमती प्राप्त गरेको । | |
| ७ | सामुदायिक शिक्षा | निम्न माध्यमिक शिक्षक अंग्रेजी | ७ | ७/२०७६/०७७ | मान्यता प्राप्त शिक्षण संस्थावाट, अंग्रेजी विषयमा प्रमाण पत्र तह वा कक्षा १२ वा सो सरह उतिर्ण गरी निम्न माध्यमिक तहको स्थायी शिक्षाण अध्यापन अनुमती प्राप्त गरेको । | |
| ८ | सामुदायिक शिक्षा | माध्यमिक शिक्षक अंग्रेजी | १४ | ८/२०७६/०७७ | मान्यता प्राप्त शिक्षण संस्थावाट, अंग्रेजी विषयमा स्नातक वा सो सरह उतिर्ण गरी माध्यमिक तहको स्थायी शिक्षण अध्यापन अनुमती प्राप्त गरेको । | |
| ९ | कृषि विकास | कृषि जे.टि.ए. | ६ | ९/२०७६/०७७ | मान्यता प्राप्त शैक्षिक संस्थावाट कृषि जे.टि.ए. कोर्स विषयमा TSLC वा सो सरह उतिर्ण गरेको । | |
| १० | पशु सेवा | भेटेरिनरी जे.टि.ए. | ७ | १०/२०७६/०७७ | मान्यता प्राप्त शैक्षिक संस्थावाट भेटेरिनरी जे.टि.ए. कोर्स विषयमा TSLC वा सो सरह उतिर्ण गरेको । | |
| ११ | सार्वजनिक निर्माण | इन्जिनयर | ८ | ११/२०७६/०७७ | मान्यता प्राप्त शैक्षिक संस्थावाट सिभिल इन्जिनयरिङ विषयमा स्नातक वा सो सरह उत्तीर्ण र नेपाल इन्जिनयरिङ्ग परिषदमा दर्ता भएको । | |
| १२ | सार्वजनिक निर्माण | सव इन्जिनयर | १० | १२/२०७६/०७७ | मान्यता प्राप्त शैक्षिक संस्थावाट सिभिल इन्जिनयरिङ विषयमा प्रविणता प्रमाणपत्र उत्तीर्ण र सम्बन्धित संस्थामा दर्ता भएको । | |

१. आबेदन फारम प्रदेश नं. २ अन्तर्गतका आठवटै जिल्लामा रहेका स्वास्थ्य कार्यलयहरुवाट उपलब्ध हुने छ । सामाजिक बिकास मन्त्रालयको वेवसाइट www.mosd.p2.gov.np वाट डाउनलोड गर्न सकिन्छ ।

२. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः-

क. शैक्षिक योग्यताका प्रमाण पत्रको प्रतिलिपिहरु

ख. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

ग. परिषद दर्ता प्रमाण पत्रको प्रतिलिपि (नविकरण गर्नुपर्ने सेवाको हकमा नविकरण गरेको प्रमाण पत्र)

घ. समकक्षता खुलाउनुपर्ने आवश्यकता भएमा सो खुल्ने कागजात

ङ. शिक्षकको हकमा सम्बन्धित तहको अध्यापन अनुमति पत्रको प्रतिलिपि

च. शहिद परिवारको भए शहिद प्रमाणित भएको कागजात र शहिद संगको नाता खुल्ने कागजात

नोटः प्रमाण पत्रको प्रतिलिपिहरु आवेदक स्वयमले प्रमाणित गर्नु पर्ने छ।

३. आवेदन दिने स्थानः आफूलाई पायक पर्ने यस प्रदेशका आठ वटै जिल्लाका स्वास्थ्य कार्यालयहरुमा आवेदन बुझाउन सकिने छ। रित नपुगेको र शर्त सहितको आवेदन दर्ता गरिने छैन।

४. स्वयमसेवक परिचालन हुने स्थानः प्रदेश २ भित्रका तोकिएका सरकारी निकायहरुमा रही कार्य सम्पादन गर्नु पर्ने छ।

५. स्वयंसेवक छनौटका लागि अन्तरवार्ता मिति २०७६/०९/२३ गते देखि संचालन हुने छ ।

६. स्वयमसेवक परिचालन, अवधि र निर्वाह भत्ता प्रदेश नं. २, सामाजिक विकास मन्त्रालयको प्रदेश स्वयमसेवक परिचालन कार्यविधि २०७५ अनुसार हुनेछ ।

७. स्वयमसेवक पदका लागि उमेरको हदबन्दी हुने छैन ।